# सूर्योदय राजपत्र,

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

खण्ड (३) फिक्कल, इलाम १ नं. प्रदेश, नेपाल, असार २७ गते, २०७६ साल, संख्या २

## भाग — १

नेपालको संविधानको धारा २२३ को उपधारा (१) बमोजिम गठन भएको यस सूर्योदय नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# सूर्योदय नगरपालिकाको आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेकोऐन, २०७६

प्रस्तावनाः

सूर्योदय नगरपालिकाबाट स्वीकृत विनियोजित रकम स्थानीय आकस्मिक कोषमा जम्मा गरी सुव्यवस्थित ढंगले त्यस्तो कोषको सञ्चालनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सूर्योदय नगरपालिकाको पाँचौ नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सूर्योदय नगरपालिकाको आकस्मिक कोष सञ्चालन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) आकस्मिक कार्य भन्नाले भूकम्प , बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैह्र प्राकृतिक विपद् लगायतका आकस्मिक वा अप्रत्यासित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल व्यवस्थापन गरिने आकस्मिक कार्य सम्झनुपर्छ ।

(ख) "स्थानीय आकस्मिक कोष" भन्नाले दफा ३ बमोजिम स्थापना गरिने सूर्योदय नगरपालिकाको आकस्मिक कोष सम्झनुपर्छ ।

३. **स्थानीय आकस्मिक कोषको स्थापना** : स्थानीय आकस्मिक कोषको नामले सूर्योदय नगरपालिकाले एउटा कोष स्थापना गर्नेछ ।

४. **स्थानीय आकस्मिक कोषमा रकम जम्मा गर्ने** स्थानीय सञ्चित कोषबाट विनियोजन गरे बमोजिमको रकम आकस्मिक कोषमा झिकी त्यस्तो रकम स्थानीय आकस्मिक कोषमा जम्मा गरिनेछ ।

**५. स्थानीय आकस्मिक कोषको रकम वृद्धि गर्न सक्नेः** नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी स्थानीय आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ ।

**६. स्थानीय आकस्मिक कोषको रकम खर्च गर्न सक्ने** नगरपालिकाले स्थानीय आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ ।

**७. स्थानीय आकस्मिक कोषको सञ्चालनः**(१) स्थानीय आकस्मिक कोषको सञ्चालन नगर कार्यपालिकाको कार्यालयबाट हुनेछ ।

(२) स्थानीय आकस्मिक कोषको सञ्चालन र रकमको सञ्चालन सम्बन्धी र रकमको निकासा सम्बन्धी श्रेष्ता र हिसाब अनुसूची — १ बमोजिमको ढाँचामा प्रमुख प्रशास कीय अधिकृत वा निजले तोकेको कुनै अधिकृतले राख्नेछ ।

**८. स्थानीय आकस्मिक कोषबाट खर्चको निकासाको मागः** (१) कुनै आकस्मिक कामको लागि आकस्मिक कोषबाट खर्च गर्नुपर्ने भएमा सम्बन्धित अधिकारीले पेश्कीकोरुपमा नगर कार्यपालिकाको कार्यालय मार्फत रकम निकासाको माग गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश्कीकोरुपमा रकम निकासा माग गर्दा सम्बन्धित अधिकारीले देहायका विवरण खोली पठाउनु पर्नेछः

(क) आकस्मिक कार्यको विवरण, खर्चको आवश्यकता र चाहिएको रकम

(ख) थप खर्च मागिएको भए त्यसको कारण र चाहिने रकम

(ग) तुरुन्त खर्च नगरेमाहुने परिणामको संकेत

(घ) कति अवधिसम्मका लागि खर्च चाहिने हो, त्यसको सम्भाव्यता

(३) उपदफा (१) बमोजिम आकस्मिक कोषबाट खर्चको माग भएकोमा नगर कार्यपालिकाको कार्यालयले नगर कार्यपालिका समक्ष पेश गरी निकासा भए बमोजिम स्थानीय आकस्मिक कोषबाट पेश्कीको रूपमा रकम दिइने छ र यसरी रकम दिएपछि नगर कार्यपालिकाको कार्यालयले तोकिएको ढाँचामा अभिलेख राख्नुपर्नेछ ।

९. **खर्चको रकम सोधभर्ना गर्नुपर्नेः** (१) नगर कार्यपालिकाले यस ऐन बमोजिम स्थानीय आकस्मिक कोषबाट खर्च गरेको रकम यथाशीघ्र सोधभर्ना गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए को भए तापनि तत्काल आकस्मिक कोषमा रकम सोधभर्ना गर्न नसकिएमा आगामी आ .ब. को विनियोजन ऐन बमोजिम विनियोजित रकमबाट त्यस्तो रकम सोधभर्ना गर्नुपर्नेछ ।

१०. **आकस्मिक कार्य पूरा भएको सूचना गर्ने** आकस्मिक कार्य समाप्त भएपछि वा त्यस्तो कार्य गर्न सम्भावना छैन भन्ने यकि न भएपछी सो कुराको जानकारी पेश्की माग गर्ने अधिकारीले नगर कार्यपालिकाको कार्यालयमा तुरुन्त दिनुपर्नेछ ।

११. **खर्च नभएको रकम स्थानीय सञ्चित कोषमा दाखिला गर्नेः** (१) स्थानीय आकस्मिक कोषबाट पेश्की लिएको रकम खर्च गर्नु नपर्ने भएमा वा सबै रकम खर्च नभई बाँकी रहेमा पेश्की माग गर्ने अधिकारीले आकस्मिक कार्य समाप्त भएको वा त्यस्तो कार्य गर्न सम्भावना छैन भन्ने यकिन भएको मितिले पैंतीस दिनभित्र त्यस्तो बाँकी रहेको रकम स्थानीय आकस्मिक कोषमा दाखिला गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम दाखिला गरेपछि त्यस्तो अधिकारीले सोको जानकारी नगर कार्यपालिकाको कार्यालयलाई दिनुपर्नेछ ।

१२. **अनुसूचीमा हेरफेर गर्न सक्ने** नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

## अनुसूची - १

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

## आकस्मिक कोषको श्रेष्ता

आकस्मिक कोषको रकम रु........... अक्षरेपी रु. ..................................

| क.सं. | आकस्मिक कार्यको विवरण | विनियोजन को नाम र संख्या | पेश्की माग गरेको रकम | पेश्की दिइएको रकम | थप पेश्की मागिएको रकम | जम्मा पेश्की रकम | आकस्मिक कार्य पूरा भएको मिति | आकस्मिक कामपछि बचत भएको रकम | पूरक विनियोजन ऐनले स्वीकृत गरेको थप खर्च | पेश्की सोधभर्ना रकम | पेश्की माग गर्ने अधिकारीको नाम र दर्जा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

आर्थिक प्रशासन शाखा प्रमुखको

दस्तखत

मितिः

# सूर्योदय नगरपालिकाको खानेपानी व्यवस्थापन ऐन,२०७६

प्रस्तावनाः

सूर्योदय नगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई त्यस्तो क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने गराउने उचित र प्रभावकारी व्यवस्था गर्न वाञ्छनीय भएकोले , सूर्योदय नगरपालिकाको नगरसभाले नेपालको संविधानको धारा २२६(१) रस्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(१) बमोजिम यो ऐन बनाएको छ ।

## परिच्छेद—१

## प्रारम्भिक

१. **संक्षित नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सूर्योदय नगरपालिकाको खानेपानी व्यवस्थापनऐन, २०७६" रहेको छ। यो ऐन सूर्योदय नगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

(२) यो ऐन सूर्योदय नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिका सम्झनुपर्छ।

(ख) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ग) "सभा" भन्नाले सूर्योदय नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ।

(घ) "कार्यपालिका" भन्नाले सूर्योदय नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(ङ) "वडा" भन्नाले सूर्योदय नगरपालिकाको वडा सम्झनुपर्छ।

(च) "न्यायिकसमिति" भन्नाले सूर्यो दय नगरपालिकाको न्यायि क समितिलाई सम्झनु पर्छ ।

(च) "प्राकृतिकपानी" भन्नाले परापूर्वकाल देखि ढुङ्गेधारा , कुवा, नदी, खोला, इनार, पोखरी, ताल वा सतही प्राकृतिक स्रोतबाट निःसृत भएको वा भूमिगत स्रोतबाट निकालिएको पानी सम्झनु पर्छ ।

(छ) "खानेपानी सेवा" भन्नाले प्रा कृतिक पानीलाई प्रशोधन तथा शुद्धिकरण तथा व्यवस्थापन गरी उपभोक्तालाई पानी उपलब्ध गराउने काम सम्झनु पर्छ ।

(ज) "सरसफाई सेवा" भन्नाले मानव मलमूत्रबाट वा घरेलु , व्यापारिक वा औद्योगिक उपयोग पश्चात् निष्काशन भएको फोहर पानी तथा

त्यस्तो पानीमा मिश्रित सबै किसिमका फोहर पदार्थलाई नष्ट गर्ने, निष्काशन गर्ने, प्रशोधन गर्ने वा शुद्धिकरण गर्ने काम सम्झनु पर्छ ।

(झ) "सेवा" भन्ना लेखा नेपानी वा सरसफाई सेवा सम्झनुपर्छ।

(ञ) "अनुमतिपत्र" भन्नाले सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सेवा प्रदायकलाई दिइएको अनुमतिपत्र सम्झनुपर्छ।

(ट) "सेवा प्रदायक" भन्नाले नगरपालिका वा नगरपालिकासँग सम्झौता गरी सेवाप्रदान गर्ने अन्य कुनै व्यक्ति, उपभोक्ता समूह वा संगठित संस्था समेत सम्झनु पर्छ ।

(ठ) "सेवा प्रणाली" भन्नाले खानेपानी वा सरसफाई सेवा प्रदान गर्ने उद्देश्यले निर्माण वा जडान गरिएको पाइप, जलाशय वा खानेपानी , फोहर पानी वा ढल मिसिएको पानी प्रशोधन वा शुद्धिकरण गर्ने प्लाण्ट वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ ।

(ड) "महसुल" भन्नाले सेवा प्रदायकले सेवा प्रदान गरे बापत उपभोक्ता बाट लिन पाउने महसुल सम्झनुपर्छ।

(ढ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ण) " उपभोक्ता समिति " भन्नाले दफा ५ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(त) "खानेपानी मुहान" भन्नाले खानेपानीको प्राकृतिक श्रोतलाई सम्झनु पर्छ ।

(थ) " खानेपानी संरक्षित क्षेत्र " भन्नाले खा नेपानीका प्राकृतिक श्रोत स्थल, खोलानाला, ढुंगेधारा, कुवा, इनार, सिमसमर, पोखरी धाप, जलाधार क्षेत्र सम्झनु पर्छ ।

## परिच्छेद–२

## खानेपानीको उपयोग, उपभोक्ता संस्थाको गठन र उपयोग सम्बन्धी प्राथमिकता क्रम

**३. खानेपानीको स्वामीत्व** यस नगरपालिका भित्रको खानेपानीको स्वामीत्व नगरपालिकामा निहित रहनेछ ।

**४. खानेपानीको उपयोगः** (१) यस ऐन बमोजिम अनुमति प्राप्त नगरी कसैले पनि खानेपानीको उपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम खानेपानीको उपयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैनः

(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगका लागि उपयोग गर्न

(ख) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गाको सिँचाई गर्न

(ग) जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको खानेपानी तोकिए बमोजिम उपयोग गर्न

(३) खानेपानी उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

**५. खानेपानी उपभोक्ता संस्थाको गठन :** (१) सामुहिक लाभका लागि संस्थागत रुपमा खानेपानीको उपयोग गर्न चाहने व्यक्तिहरुले तोकिएबमोजिम खानेपानी उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको खानेपानी उपभोक्ता संस्थालाई तोकिएको अधिकारी वा निकाय समक्ष तोकिए बमोजिम दर्ता गराउनु पर्नेछ ।

**६. उपभोक्ता संस्था संगठित संस्था हुने :** (१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सबै कामकारबाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न , उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजूर गर्न र उपभोक्ता समिति उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

**७. खानेपानी उपयोगको प्राथमिकताक्रम :** (१) खानेपानी उपयोग गर्दा साधारणतया : देहायको प्राथमिकता क्रम अनुसार गर्नुपर्नेछः

(क) खानेपानी र घरेलु उपयोग

(ख) सिँचाई

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग

(घ) जलविद्युत

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग

(च) जल यातायात

(छ) आमोद प्रमोदजन्य उपयोग

(ज) अन्य उपयोग

(२) खानेपानी उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा तोकिएको समितिले उपदफा (१) को प्राथमिकता क्रम , दफा (४) को उपदफा (३) बमोजिम खानेपानीको लाभदायक उपयोग भएनभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित खानेपानीको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको समितिले निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ ।

(४) उपदफा (२) बमोजिम तोकिएको समितिले सोही उपदफामा उल्लेखित कुराहरुको निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## खानेपानी व्यवस्थापन र जिम्मेवारी सम्बन्धी व्यवस्था

**८. खानेपानी व्यवस्थापन र जिम्मेवारी सम्वन्धमा नगरपालिकाको काम,कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

(क) प्राकृतिक पानीको मुहान संरक्षण गर्ने गरउने ।

(ख) खानेपानी सेवा, विस्तार, सुधार गर्ने गराउने,

(ग) खानेपानीको दुरुपयोग रोक्ने तथा खानेपानी प्रदूषित हुन नदिने,

(घ) खानेपानीको स्रोत, वितरण तथा सरसफाई सम्बन्धमा अध्ययन , अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने,

(ङ) सेवा प्रणालीसम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,

(च) सेवा सञ्चालनको लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने र आर्थिक स्रोतको व्यवस्था गर्ने गराउने।

(छ) सेवाको विस्तार तथा वि कासका लागि आवश्यक पर्ने रकमको स्रोत पहिचान गरी प्राप्त गर्ने,

(ज) प्रचलित कानूनबमोजिम सेवाको महसुल दर निर्धारण गर्ने,

(झ) गुणस्तरयुक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गर्ने,

(ञ) सेवा प्रदायकलाई सेवा प्रदान गर्न अनुमतिपत्र प्रदान गर्ने वा सेवाप्रदायकसँग सम्झौता गरी सेवा प्रदान गराउने,

(ट) उपभोक्तालाई प्रदान गर्ने सेवाबापत निर्धारित महसुल असूल गर्ने गराउने,

(ठ) सेवा प्रदायकले सेवा प्रदान गर्दा कुनै उपभोक्तालाई पीरमर्का पर्न गएमा सोउपर सुनुवाई गरी उपयुक्त उपचार दिने,

(ड) सेवा सञ्चालनका लागि आवश्यक पर्ने तोकिए बमोजिमका अन्य काम गर्ने ।

(ढ) उपभोक्ता समिति वा अन्य कुनै संघ संस्थाहरुबाट सेवा सञ्चालन हुँदै आएका खानेपानी वितरण सेवालाई सम्बन्धित उपभोक्ता समिति वा संघ संस्थाहरु सँग सहमति गरि तोकिए बमोजिम नगरपालिका मातहतमा ल्याई प्रभावकारी सेवा सञ्चालन गर्ने ।

(ण) खानेपानी सेवा तथा वितरण प्रणाली नगरपालिका वा उपभोक्ता मार्फत गर्ने गराउने । तर उपभोक्ता मार्फत खानेपानी सेवा तथा वितरण गराउँदा नगरपालिका सँग भएको सहमति र सम्झौता बमोजिम हुनेछ ।

(त) खानेपानी व्यवस्थापन गर्न आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्था गर्ने ।

(थ) स्थानीय सरकार तथा प्रदेश सरकार र संघी य सरकारसँग सम्पर्क तथासमन्वय गर्ने ।

## परिच्छेद—४

## विशेषाधिकार सम्बन्धी व्यवस्था

**९. लगानी गर्न सक्नेः** (१) नगरपालिकाले दफा ११ बमोजिमको कोषमा रहेको रकम उपभोक्ताको हितलाई ध्यानमा राखी लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने लगानीको क्षेत्र तथा शर्त तोकिए बमोजिम हुनेछन् ।

**१०. घर जग्गामा प्रवेश गर्न सक्ने** : (१) नगरपालिकाको कुनै सदस्य वा कर्मचारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै उपभोक्ताको घर जग्गामा प्रवेश गर्नुपर्ने भएमा सोको कारणसहितको जानकारी सम्बन्धित व्यक्तिलाई दिई त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ । तर कुनै व्यक्तिले सेवाको दुरुपयोग वा सेवाको अनाधिकार उपयोग गरिरहेको छ भन्ने शङ्का गर्नु पर्ने मनासिब आधार र कारण भएमा त्यस्तो घर जग्गामा प्रवेश गर्न जानकारी दिइरहनु पर्ने छैन ।

**११. निजी वा सार्वजनिक घर जग्गामा पाइप बिच्छ्याउन सक्ने :** (१) नगरपालिकाको निर्णय बमोजीम उपभोक्तालाई खानेपानी वा सरसफाई सेवा उपलब्ध गराउने प्रयोजनको लागि निजी वा सार्वजनिक घर जग्गामा पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पाइप बिछ्याउँदा वा सोसँग सम्बन्धित अन्य संचरना बनाउँदा कुनै व्यक्तिको निजी घर जग्गामा कुनै किसिमले हानि नोक्सानी पर्न गएमा नगरपालिकाले सोबापत सम्बन्धित घर जग्गाधनीलाई नगर कार्यपालिकाले निर्णय गरे बमोजीमको मनासिब क्षतिपूर्ति दिनु पर्नेछ ।

**१२. सेवा प्रदायकसँग शुल्क लिन सक्ने:** (१) नगरपालिका वा नगरपालिकाले अधिकार प्रत्यायोजन गरि गठन भएको कुनै समितिले नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सेवा सञ्चालन गर्ने सेवा प्रदायकसँग तोकिए बमोजिम शुल्क लिन सक्नेछ ।

(२) नगरपलिकाले अन्य कुनै सेवा प्रदायकलाई आफ्नो सेवा प्रणाली सञ्चालन गर्न अनुमतिपत्र दिएकोमा अनुमतिपत्रमा उल्लेख भएबमोजिमको र कम त्यस्तो सेवा प्रदायकबाट असूलउपर गर्नेछ ।

**१३. अतिरिक्त दस्तुर लगाउने:** (१) उपभोक्ताले सेवा उपयोग गरेबापत तिर्नु पर्ने महसुल निर्धारित समयभित्र नतिरेमा वा उपभोक्तालाई नियमित सेवा भन्दा थप सेवा उपलब्ध गराइएकोमा त्यस्तो उपभोक्ताबाट नगरपालिका वा नगरपालिकाले अधिकार प्रत्यायोजन गरि गठन भएको कुनै समितिले तोकिएबमोजिम अतिरिक्त दस्तुर असूलउपर गर्न सक्नेछ ।

(२) नगरपालिकासँग सम्झौता गरी वा अनुमति पत्र प्राप्त गरी सेवा सञ्चालन गर्ने सेवा प्रदायकले समेत उपदफा (१) बमोजिमको अतिरिक्त दस्तुर लगाउन र उठाउन पाउनेछ ।

**१४. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने :** (१) यस ऐन वा प्रचलित कानून बमोजिम निर्धारित महसुल नबुझाउने वा तोकिएको समयमा महसुल नबुझाउने उपभोक्ताको सेवा नगरपालिका वा सेवा प्रदायकले निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा अन्त्य भएकोमा उपभोक्ताले नग रपालिका वा सेवा प्रदायकलाई बुझाउनु पर्ने महसुल तथा अन्य दस्तुर बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

## परिच्छेद–५

## कसूर तथा सजाय सम्बन्धी व्यवस्था

**१५. कसूर तथा सजायः** (१) कसैले यो ऐन वा यसअन्तर्गत बनेको नियम प्रतिकूल कुनै काम गरी देहायको कसूर गरेमा कारण परेको मितिले पैंतिस दिन भित्रमा नगरपालिकासमक्ष उजुर दिन वा कारवाहीको लागी प्रतिवेदन दिन सक्नेछ । नगरपालिकाले त्यस्तो उजुर वा प्रतिवेदन उपर छानविन तथा सुनवाई गरि त्यस्तो व्यक्तिलाई देहायबमोजिम सजाय गर्न सक्नेछः

(क) सेवासँग सम्बन्धित कुनै संरचना , जडान वा पूर्वाधार भत्काए वा बिगारेमा वा अन्य कुनै प्रकारले क्षति पु र्याएमा क्षति भएको हानि नोक्सानीको मनासिव क्षतिपूर्ति भराई कसूरको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिवाना,

(ख) खानेपानीलाई प्रदूषित गराई सार्वजनिक स्वास्थ्यमा प्रतिकूल असर पुर्याएकोमा कसूरको मात्रा हेरी पच्चीस हजार रुपैयाँसम्म जरिवाना,

(ग) सेवाको अनाधिकृ त प्रयोग वा दुरुपयोग गरेमा पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गरी सेवा बन्द गर्न,

(घ) सेवा मापकयन्त्र वा अन्य त्यस्तै उपकरण बिगारे वा सेवा प्रदान गर्ने कार्यमा बाधा अवरोध पुर्याएमा दश हजार रुपैयाँसम्म जरिवाना,

(ङ) सेवा प्रणालीमा जडित पाइप लाइन चोरी गरेमा , बिगारेमा, भत्काएमा वा नष्ट गरेमा सो कामबाट पुग्न गएको क्षतिको बिगो भराई बिगोबमोजिम जरिवाना गर्न तथा त्यस्तो का र्य गर्ने व्यक्ति उपभोक्ता भए त्यस्ता उपभोक्ताको सेवा छ महिनासम्म बन्द वा निलम्बन गर्न ।

## परिच्छेद—६

## लेखातथा लेखापरीक्षण

**१६. लेखा र लेखापरीक्षण :** (१) कोषको आय—व्ययको लेखा प्रचलित कानूनबमोजिम राखिनेछ ।

(२) नगरपालिकाले तोकिएबमोजिम आन्तरिक लेखापरीक्षण तथा आ न्तरिक नियन्त्रण गर्नु गराउनु पर्नेछ ।

(३) कोषको लेखापरीक्षण कार्यपालिकाले नियुक्त गरेको ईजाजतपत्र प्राप्त लेखापरीक्षकबाट हुनेछ ।

(४) कार्यपालिकाले चाहेमा जुनसुकै बखत कोषको लेखा तथा सोसँग सम्बन्धित कागजात जाँच्न वा जँचाउन सक्नेछ ।

## परिच्छेद—७
## विविध

**१७. निर्देशन दिन सक्ने :** सेवाको गुणस्तर कायम गर्ने , वातावरण संरक्षण गर्ने तथा खानेपानी तथा सरसफाईको गुणस्तर कायम राख्ने सम्बन्धमा नगरपालिकाले सेवा प्रदायक वा उपभोक्ता वा सम्ब न्धित पक्षलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सवैको कर्तव्य हुनेछ ।

**१८. वार्षिक प्रतिवदेन पेश गर्नु पर्ने** (१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र देहायका कुराहरु समेत समावेश गरी प्रमुख प्रशासकिय अधिकृतले वा निजले तोकेको अधिकृत स्त्तरको कर्मचारीले प्रमुख मार्फत नगरसभा समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछः

(क) कोषको आम्दानी र खर्चको विवरण,

(ख) खानेपानी सम्बन्धी वर्षभरी सम्पादन भएको कामको विवरण र सोको लागि लागेको प्रशासकीय खर्च,

(ग) आगामी वर्षको कार्ययोजना र त्यसको लागि आवश्यक पर्ने अनुमानित बजेट तथा सोको स्रोत,

(घ) तोकिए बमोजिमका अन्य विवरण ।

**१९. समिति गठन गर्न सक्नेः** (१) नगरपालिकाले दफा ३ बमोजिम आफूले गर्नुपर्ने काम कारबाही र जिम्मेवारी सुचारुरुपले गर्नका लागि आवश्यकता अनुसार समिति गठन गर्न र अधिकार प्रत्यायोजन गरि सेवा सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको काम , कर्तव्य, अधिकार तथा समितिका सदस्यले पाउने सुविधा तोकिए बमोजिम हुनेछन् ।

**२०. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम , निर्देशिका, कार्यविधि, मापदण्ड बनाउन सक्नेछ र त्यस्तो नियम कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**२१. बचाउः** यस ऐनमा लेखिएको कुनै प्रावधान प्रदेश र संघी य ऐनसँग बाझिन गएमा वाझिएको हदसम्म यस ऐनमा लेखिएको कुरा बदर भएको मानिने छ । यस ऐन बन्नुभन्दा पहिल्यै नगरपालिकाबाट खानेपानी सम्ब न्धी भए गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

# सूर्योदय नगरपालिकाको फोहरमैला व्यवस्थापनऐन, २०७६

प्रस्तावनाः

फोहरमैला लाई स्रोतमा न्यूनीकरण , पुनः प्रयोग , प्रशोधन वा विसर्जन गरी फोहरमैला को व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैला बाट नगरपालिका नगरवासीको स्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न पर्याटकीय नगरीलाई फोहोर मैला मुक्त बनाउनको लागि फोहरमैला व्यवस्थापन जस्तो अत्यन्त जरुरी सेवा लाई प्रभावकारी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम सूर्योदय नगरपालिकाको पाँचौ नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद—१

## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सूर्योदय नगरपालिकाको फोहरमैला व्यवस्थापन ऐन, २०७६" रहेकोछ।

(२) यो ऐन प्रमाणीकरण गरी स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(ख) "उपप्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिका, इलाम, प्रदेश नं. १ सम्झनुपर्छ ।

(घ) " नगर कार्यपालिकाको कार्यालय " भन्नाले सूर्योदय नगरपालिका , नगर कार्यपालिकाको कार्यालय, फिक्कल, इलाम सम्झनुपर्छ ।

(ङ) " प्रमुख प्रशासकीय अधिकृत " भन्नाले सूर्योदय नगरपालिका , नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(च) "औद्योगिक फोहरमैला " भन्नाले औद्योगिक प्रतिष्ठान बाट निष्काशन हुने हानिकारकतथा प्रदूषण युक्त फोहरमैला सम्झनु पर्छ ।

(छ) “औद्योगिक प्रतिष्ठान” भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित कुनै कम्पनी , उद्योग, फर्म वा अन्य कुनै निकाय सम्झनु पर्छ ।

(ज) “कण्टेनर” भन्नाले फोहरमैला संकलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो, बाकस, बाल्टीन वा यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्छ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेतलाई जनाउनेछ ।

(झ) “ढुवानी” भन्नाले संकलित फोहरमैला उत्पादन स्थलबाट संकलन केन्द्र र संकलन केन्द्रबाट स्थानान्तरण केन्द्रसम्म वा स्थानान्तरण केन्द्रबाट फोहरमैला व्यवस्थापन स्थल वा नगरपालिकाले तोकेको स्थानसम्म लैजाने कार्य सम्झनु पर्छ ।

(ञ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ट) “न्यूनीकरण” भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी फोहरमैला को परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्छ ।

(ठ) “निष्काशन” भन्नाले फोहरमैला उत्पादन स्थलबाट नगरपालिका ले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ ।

(ड) “प्रदूषण” भन्नाले फोहरमैला बाट निस्कने ठोस, तरल वा ग्यासवस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुर्याउने क्रियाकलाप सम्झनु पर्छ।

(ढ) “प्रभावितक्षेत्र” भन्नाले फोहरमैला व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा उल्लिखित क्षेत्रलाई सम्झनु पर्छ ।

(ण) “प्रशोधन” भन्नाले फोहरमैला को रुप वा गुणमा परिवर्तन गरीअन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादन गरी फोहरमैला को व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ।

(त) "प्रशोधनस्थल" भन्नाले फोहरमैला लाई प्रशोधन गरीमल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादनका लागि कार्य सञ्चालन गर्ने स्थान सम्झनु पर्छ ।

(थ) "पुनःचक्रीय प्रयोग" भन्नाले प्रविधिको प्रयोगद्वारा संकलित फोहरमैला लाई कच्चा पदार्थमा रुपान्तरण गरी उपयोगी वस्तुको रुपमा विकास गरी पुनः प्रयोगमा ल्याउने कार्य सम्झनु पर्छ ।

(द) "फोहरमैला " भन्नाले घरेलु फोहरमैला , औद्योगिक फोहरमैला , रासायनिक फोहोरमैला, स्वास्थ्य संस्था जन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनुपर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका , फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागिप्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्य स्तै प्रकारका अन्य वस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट, प्रदेश वा स्थानिय सरकारले समय समयमा फोहोरमैला भनी घोषण गरेको बस्तु समेतलाई जनाउनेछ।

(ध) "फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्ड फिल साइट)" भन्नाले फोहरमैला विसर्जन वा प्रशोधन गर्नको लागि नगरपालिकाले तोकेको स्थल सम्झनु पर्छ ।

(न) "फोहरमैला संकलन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने, घर—घरबाट संकलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँ सिएका पोष्टर, पम्पलेट उप्काई संकलन गर्ने साथै कुनै औजार प्रयोग गरी फोहोर मैला निष्कासन गर्ने कार्यलाई समेत सम्झनु पर्छ ।

(प) "फोहरमैला संकलन तथा ढुवानी साधन" भन्नाले फोहरमैला संकलन तथा ढुवानी गर्ने प्रयोजनका लागि प्रयोग गरिने साधन, उपकरण वा औजार सम्झनु पर्छ ।

(फ) "बन्द पश्चात व्य वस्थापन (पोस्टक्लोजर म्यानेजमेण्ट)" भन्नाले फोहरमैला व्यवस्थापन स्थल माफोहरमैला विसर्जन गर्न बन्द गरे पश्चात् सो क्षेत्रको वातावरणीय सन्तुलन कायम राख्नको लागि गरिने कार्य सम्झनु पर्छ ।

(ब) "रसायनिक फोहरमैला " भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं

वातावरणमा प्रतिकूल असरपार्ने सम्पूर्ण रसायनिक पदार्थहरु वा समय-समयमा नगरपालिकाले सूर्योदय राजपत्रमा सूचना प्रकाशन गरी रसायनिक फोहरमैला भनी तोकेका ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ।

(भ) “विसर्जन” भन्नाले फोहरमैला को अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्छ ।

(म) “संकलन केन्द्र” भन्नाले घर-घरबाट निस्कने फोहरमैला संकलन गरी निर्धारित समय सम्म फाल्न, राख्न वा थुपार्न नगरपालिकाले तोकेको स्थान सम्झनु पर्छ र सो शब्दले घर -घरमा फोहरमैला संकलन गर्न आउने नगरपालिकाले तोकेको फोहरमैला संकलक वा फोहरमैला संकलन गर्ने साधन समेतलाई जनाउनेछ ।

(य) “समिति” भन्नाले फोहरमैला व्यवस्थापन समिति सम्झनु पर्छ ।

(र) “स्थानान्तरण केन्द्र” भन्नाले संकलित फोहरमैला विसर्जन गर्न फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्ड फिल साइट) मा लैजानुअघि फोहरमैला संकलनको लागि नगरपालिकाले तोकेको स्थान सम्झनु पर्छ ।

(ल) “स्वास्थ्य संस्था जन्य फोहरमैला ” भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैंक, प्याथोलोजिकल प्रयोगशाला, पशु—स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनु पर्छ ।

(व) “हानिकारक फोहरमैला ” भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुर्या् उने, विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण साथै फ्याक्ट्रिबाट निष्काशित कोइला समेतलाई सम्झनु पर्छ ।

## परिच्छेद—२

## फोहरमैला उत्पादन, संकलन, न्यूनीकरण तथा निष्काशन सम्बन्धी व्यवस्था

**३.फोहरमैलाको प्रबन्ध गर्ने जिम्मेवारी नगरपालिकाको हुनेः** फोहरमैला को व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफरस्टेशन) , ल्याण्ड फिल्ड साइट, प्रशोधन प्लाण्ट , कम्पोष्ट प्लाण्ट, बायोग्यास प्लाण्ट लगायत फोहरमैला को संकलन, अन्तिम विसर्जन

तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

**४.फोहरमैला को उत्पादन कम गर्नेः** (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनैकाम कारोबार गर्दा उत्पन्न हुने फोहोरमैला यथाशक्य कम गर्नु पर्नेछ ।

(२) आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहरमैला को विसर्जन वा पुनःप्रयोगको व्यवस्थामिलाई बाँकी फोहरमैला मात्र निष्काशन गरी फोहरमैला को परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ । सवारी साधनबाट फालिएका फोहर , पर्यटकहरुले उत्पादन गरेको फोहरको जिम्मेवारी फोहर उत्पादकले नै लिनुपर्नेछ ।

**५.फोहरमैला को पृथकीकरणः** (१) नगरपालिकाले फोहरमैला लाई कम्तीमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नु पर्नेछ ।

(२) उपदफा(१) बमोजिम नगरपालिकाले तोकिदिएबमोजिम फोहरमैला लाई स्रोतमै छुट्याई संकलनकेन्द्र सम्म पुर्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि नगरपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर, सक्सन मेसिन आदि उपलब्ध गराउन सक्नेछ ।

**६. फोहरमैलाको निष्काशनः** (१) फोहरमैला निष्काशनको समय, स्थानर तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानिकारक फोहरमैला वा रसायनिक फोहोरमैला उत्पादनगर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहोरमैला संकलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाइने छैन ।

**७. फोहरमैला संकलन केन्द्र तोक्नेः** (१) नगरपालिकाले फोहरमैला लाई व्यवस्थित रुपमा संकलन गर्न प्रत्येक टोल वा वस्तीमा संकलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ ।

**८. फोहरमैला को ढुवानीः** संकलनकेन्द्रमा जम्मा भएको फोहरमैला लाई स्थानान्तरण केन्द्र वा फोहरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व नगरपालिका वा

नगरपालिकाले व्यवस्था गरेको संस्था वा निकायको हुनेछ ।

**९.फोहरमैलाको न्यूनीकरण, पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोग :** (१) नगरपालिकाले फोहरमैला न्यूनीकरण, पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उद्योगको उत्पादन प्याकि ङगर्न प्रयोग गरेको वस्तुलाई पुनःप्रयोग गरी फोहरमैला को परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योग सँग नगरपालिकाले समन्वयगर्नसक्नेछ।

## परिच्छेद—३

## स्थानान्तरण केन्द्र तथा फोहरमैला व्यवस्थापन स्थल सम्बन्धी व्यवस्था

**१०.स्थानान्तरण केन्द्र तोक्नेः** (१) नगरपालिकाले प्रारम्भिक चरणमा संकलनभएको फोहरमैला लाई व्यवस्थित गर्न कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रुपमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्थानान्तरण केन्द्र तोक्दा जनस्वास्थ्यतथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी तोक्नु पर्नेछ र यसरी तोकिएको स्थललाई दुर्गन्ध नआउने गरी आवश्यक व्यवस्था समेत गर्नु पर्नेछ ।

**११.फोहरमैला व्यवस्थापन स्थलः** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र संकलन भएको फोहरमैला लाई व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्ड फिल साइट) तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन स्थल तोक्नको लागि नगरपालिकाको जग्गा नभएमा वा जग्गा भए तापनि फोहरमैला व्यवस्था पन स्थल तोक्न उपयुक्त नभएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी वा सार्वजनिक जग्गाको पहिचान गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

(३) नगरपालिकाले फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन तथा बन्द पश्चात् व्यवस्थापन सम्बन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अनुरुप गर्नु पर्नेछ ।

(४) उपदफा (७) बमोजिमबन्द पश्चात् व्यवस्थापन सम्बन्धी कार्य गर्दा फोहरमैला व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा सिफारिस गरिएका सुझावहरु अनुरुप गर्नु पर्नेछ ।

(५) नगरपालिकाले फोहरमैला व्यवस्था पन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले सम्वेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको क्षेत्रमा पशुपक्षी , जीवजन्तु तथा मानवको अनाधिकृत प्रवेशलाई रोक लगाउने , ढुंगा, गिट्टी र बालुवा निकाल्ने कार्यमा रोक लगाउनुको साथै वातावरण संरक्षण र त्यस्तो क्षेत्रको उचितव्यवस्थापनका लागि अन्य आवश्यक निर्देशन तथा निर्देशिका जारी गरी लागूगर्न सक्नेछ ।

## परिच्छेद–४

## फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता

**१२.अनुमति सम्बन्धी व्यवस्थाः**(१) यस ऐन बमोजिमनगरपालिकाको अनुमतिनलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्नेछैन ।

(२) फोहरमैला व्यवस्थापन गर्न चाहने स्वदेशी वा विदेशी कम्पनी , संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि नगरपालिकामा निवेदन दिनु पर्नेछः

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

(ख) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्तितथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिमको अन्य विवरण ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर नगरपालिकाले आवश्यक जाँचबुझगरी अनुमतिपत्र दिनसक्नेछ।

(४) फोहरमैला को व्यवस्थापन, पुनः चक्रीय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखि एमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लिखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नगर कार्यपालिकाबाट निर्णय गरी नगरपालिकाले उपदफा(३) बमोजिम प्रचलित कानूनको अधिनमा रहि दिन सकिनेछ।

(५) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३.निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनको काम गराउन सकिनेः** (१) नगरपालिकाले आवश्यकता अनुसार दफा १२ बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट दफा १५ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको कुनै प्रक्रियाको अवलम्बन गरी आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यव स्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी संघ, संस्थाको हकमा देहायको कुनै काम गराउन सकिनेछः

(क) फोहरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहरमैला संकलन,

(ग) फोहरमैला ढुवानी,

(घ) फोहरमैला को प्रयोग, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन,

(ङ) फोहरमैला विसर्जन, र

(च) बन्द पश्चात् व्यवस्थापन ।

**१४.प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने :** (१) दफा १३ बमोजिम निजीक्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछः

(क)नगरपालिकालाई बुझाउन कबुल गरेको रकम,

(ख) फोहरमैला बाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्रांगारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता,

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

(घ) फोहरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपना तथा वातावरणीय प्रभाव न्यूनीकरण,

(ङ) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(च) फोहरमैला को प्रयोग, प्रशोधन वा पुनःप्रयोग गर्ने सम्बन्धमा भए स्थानीय तहलाई बुझाउन मञ्जुर गरिएको रोयल्टी ।

(३) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी , संस्था वा निकायले नगरपालिकासँग गरेको सम्झौताको अधीनमा रही दफा १८ बमोजिमको शुल्क उठाउन सक्नेछ।

(५) फोहरमैला व्यवस्थापनमा गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

**१५. फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिनेः** (१) निजीक्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि नगरपालिकाले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन नगरपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पा लना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति नगरपालिकाले तोकिए बमोजिम रद्द गर्न सक्नेछ ।

**१६. सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिनेः** (१) नगरपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी सामुदायिक क्षेत्र एवम् गैरसरकारी संघ , संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, सँस्थासँगको साझेदारीमा फोहरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला संकलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

## परिच्छेद—५

## फोहरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धी व्यवस्था

**१७. सेवा शुल्क उठाउन सक्नेः** (१) नगरपालिकाले फोहरमैला व्यवस्थापन गरेबापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउनसक्नेछ ।

(२) उपदफा(१) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति हेरी फोहोरमैला व्यवस्थापन समितिले सिफारिस गरि नगरसभाले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा(१) बमोजिमको शुल्क नगरपालिका आँफैले वा तोकेको संस्था वा निकाय मार्फत समेत उठाउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १५ बमोजिम फोहरमैला व्य वस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति , संस्था वा निकायले नगरपालिका सँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवाशुल्क उठाउन सक्नेछ ।तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवाशुल्कमा तोकिए बमोजिम छुट दिइनेछ ।

**१८.सेवा निलम्बन वा अन्त्य गर्न सक्नेः** (१) नगरपालिकाले दफा १७ बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आँफैले गर्नु पर्नेछ ।

(३) सेवाग्राहीले दफा १७ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

## परिच्छेद–६

## प्रदुषण नियन्त्रण तथा फोहरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धी व्यवस्था

**१९.फोहरमैला व्यवस्थापनको अनुगमनः** (१) नगरपालिकाले फोहरमैला व्यवस्थापन तथा निष्काशन कार्यको नियमित अनुगमन गर्ने गराउने छ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्ने वा गराउने प्रयोजनका लागि नगरपालिकाले आवश्यक कार्ययोजना बनाई लागू गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमनमा खटिने व्यक्तिले अनुगमन पश्चात् सोको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनमा औंल्याइएका विषयहरुको सुधार तथा कार्यान्वयन गर्ने सम्बन्धमा नगरपालिकाले आवश्यक व्यवस्था गर्नेछ ।

**२०.फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक , सामाजिक विकास तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरण संरक्षणको गुरुयोजना बनाई सो योजना कार्यान्वयनको लागि विभिन्न कार्यक्रम बनाई कार्यान्वयन गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि नगरपालिकाले मूलतः देहायका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न सक्नेछः

(क) सडक निर्माण, विद्युत आपूर्ति, खानेपानी तथा ढल निकास, सरसफाई र वातावरण संरक्षण,

(ख) विद्यालय र स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

(ग) फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रका आर्थिक रुपले विपन्न तथा सामाजिक रुपले पिछडिएका वर्गको उत्थान तथा विकासको लागि आवश्यक कार्यक्रम ।

(३) नगरपालिकाले सम्बन्धित समुदाय सँग परामर्श गरी उपदफा (१) बमोजिम योजना तर्जुमा वा उपदफा (२) बमोजिम कार्यक्रमको छनौट गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम प्रभावित क्षेत्रको लागि तर्जुमा गरिएको कार्यक्रमको कार्यान्वयन गर्दा स्थानीय समुदायको सहभागिता रहने गरी गर्नु पर्नेछ ।

(५) फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन गर्दा वा सोको लागि कुनै कार्यक्रम कार्यान्वयन गर्दा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनले तोकेको मापदण्डको अनुकूल हुने गरी गर्नु पर्नेछ ।

## परिच्छेद–७

## फोहरमैला व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**२१. समितिको गठनः** (१) फोहरमैला व्यवस्थापनका सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति निर्धारणको लागि एक फोहरमैला व्यवस्थापन समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको समिति देहायका सदस्यहरुरहने छन्ः-

| | |
|---|---|
| वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक | - संयोजक |
| भौतिक पूर्वाधार विकास समितिका संयोजक | - सदस्य |
| नगरपालिकाको प्राविधिक शाखाका प्रमुख | - सदस्य |
| नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख | - सदस्य |
| नगरपालिकाको सर्भेयर | - सदस्य |

नगरपालिकाको उद्योग वाणिज्य संघका प्रमुख - सदस्य

प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

**२२. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी नगरस्तरीय नीति तर्जुमा गरी स्वीकृतिको लागि नगरपालिका समक्ष पेश गर्ने,

(ख) फोहरमैला व्यवस्थापन कार्यसँग सम्बद्ध निकायहरु बीच समन्वयको लागि नीतिगत व्यवस्था गर्ने,

(ग) फोहरमैला व्यवस्थापनको लागि नगरपालिकाले शुल्क निर्धारण गर्दा एकरुपता कायम गर्नको लागि त्यस्तो सेवाशुल्क निर्धारण गर्ने मापदण्ड स्वीकृत गर्ने,

(घ) फोहरमैला एकीकृत रुपमा व्यवस्थापन गर्न नगरपालिकाले कुनै लगानी गर्नुपर्ने अवस्थामा त्यस्तो लगानी गर्नुपर्ने रकमको प्रतिशत निर्धारण गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

**२३. समितिको बैठक र निर्णयः** (१) बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) समितिले निर्धारण गरेको बैठक सम्बन्धी कार्यविधि नगर कार्यपालिकाको बैठकबाट अनुमोदन गरी लागु गर्नुपर्नेछ ।

(३) समितिको बैठकको निर्णय सामान्यतया सहमतिको आधारमा हुनेछ । सहमति हुन नसकेमा बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(४) समितिले आवश्यक देखेमा फोहरमैला व्यवस्थापन सम्बन्धी कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सम्बन्धित पदाधिकारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद—९

## कसूर तथा सजाय

**२४.कसूरः** कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः

(क) नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला संकलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुर्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुर्याउने,

(घ) यस ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहरमैला संकलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केको दूषितपानी (लिचेट)वाढल चुहाईअन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला संकलन गर्न नगरपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनैपनि किसिमको सवारी साधन बिसाउने वा बिसाइ राखेको सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रसायनिक फोहरमैला , औद्योगिक फोहरमैला , स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने , राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला संकलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने ,

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) दफा ३० विपरीत रसायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको (समयावधि सकिएको) औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोतमै फोहरमैलाको पृथकीकरण नगरी दफा ६ को विपरीत फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

**२५. सजायः** (१) दफा २४ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँ सम्म जरिवाना , दोस्रो पटक सोही कसूर गरेमा पाँच हजार देखि दश हजार रुपैयाँ सम्म जरिवाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँ का दरले जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(२) दफा २४ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच सय रुपैयाँ देखि पाँच हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(३) दफा २४ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पन्ध्र हजार रुपैयाँ देखि पचास हजार रुपैयाँ सम्म जरिवाना गरी कण्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

(४) दफा २४ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पन्ध्र हजार रुपैयाँ देखि पचास हजार रुपैयाँ सम्म जरिवाना गरी अनुमति नलिए सम्म त्यस्तो कार्यगर्न रोक लगाउनेछ।

(५)दफा २४ को खण्ड(च) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैयाँ देखि पन्ध्रहजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा

पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ ।

(६) दफा २४को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँचहजार रुपैयाँ देखि पन्ध्रहजार रुपैयाँ सम्म जरिवाना गर्नसक्नेछ।

(७)दफा २४ को खण्ड (ञ) बमोजिमको कसूर गर्ने लाई नगरपालिकाले तीस हजार रुपैयाँ देखि पचास हजार रुपैयाँ सम्म जरिवाना गर्नसक्नेछ ।

(८) दफा २४ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पचास हजार रुपैयाँ देखि एक लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ र सोही कसूर पुनःगरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(९) दफा २४ को खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाको सिफारिसमा जिल्लाको प्रमुख जिल्ला अधिकारीले दश हजार रुपैयाँ देखि पचास हजार रुपैयाँ सम्म जरिवाना वा पन्ध्र दिन देखि तीन महिना सम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

(१०) दफा २४ को खण्ड (ण) बमोजिमको क सूर गर्नेलाई नगरपालिकाको सिफारिसमा जिल्लाको प्रमुख जिल्ला अधिकारीले पाँचहजार रुपैयाँ देखि दश हजार रुपैयाँ सम्म जरिवाना वा तीन महिना सम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

(११) दफा २४ को खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित नगरपालिकाले प्रत्येक पटक पाँच सय रुपैयाँ जरिवाना गर्न सक्नेछ।

२६. **सेवा सुविधा रोक्का गर्न सकिनेः** (१) यस ऐन बमोजिम तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री रोक्का गर्नको लागि नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

**२७.सरकारवादी हुनेः** दफा २४ को खण्ड (ड), (ढ) र (ण) बमोजिमको कसूरमा नेपाल सरकारवादी भई मुद्दा चल्नेछ र सो कसूर सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची—१मा समावेश भएको मानिनेछ।

**२८.पुनरावेदन दिन सक्नेः** दफा २५ बमोजिम गरेको सजायको आदेश उपरचित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद—१०

## विविध

**२९.स्वास्थ्य संस्थाजन्य फोहरमैलाको व्यवस्थापनः** (१) स्वास्थ्य संस्था स्थापना गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि अनुमति दिनुपूर्व फोहरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको यकिन गरी उपयुक्त व्यवस्था गरेको भएमा मात्र अनुमति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति दिंदा स्वास्थ्य संस्थाले फोहरमैला व्यवस्थापन सम्बन्धमा पालन गर्नु पर्ने विशेष शर्त वा कायम गर्नु पर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ ।

**३०.रसायनिक विषादी सम्बन्धी व्यवस्था :** (१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधीनमा रही गर्नु पर्नेछ ।

(२) समयावधि सकिएको रसायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

**३१.नियम तथा विनियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाई लागू गर्न सक्नेछ ।

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बन्ने नियमावलीको अधीनमा रही नगरपालिकाले आवश्यक विनियम बनाई लागू गर्न सक्नेछ ।

**३२. मापदण्ड वा निर्देशिका जारी गर्न सक्नेः** (१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही नगरपालिकाले विभिन्न प्रकृतिका फोहरमैला व्यवस्थापनको लागि बेग्लाबेग्लै मापदण्ड जारी गर्न सक्नेछ।

(२) नगरपालिकाले फोहरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**३३. प्रचलित कानून बमोजिम हुनेः** फोहरमैला व्यवस्थापन सम्बन्धी विषयमा यस ऐनमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरु मा प्रचलित कानून बमोजिम हुनेछ ।

**३४. खारेजी र बचाउः** नगरपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धी यस ऐनमा भएका व्यवस्थाहरु नेपालको संविधान , संघीय तथा प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हद सम्म स्वतः बदरभागी हुनेछन् ।

# सूर्योदय नगरपालिकाको वातावरण संरक्षणऐन, २०७६

प्रस्तावनाः

वातावरण संरक्षण मार्फत दिगो विकास हुने कुरालाई ध्यानमा राख्दै वातावरणीय ह्रासबाट प्रकृति, मानव जाति, जीवजन्तु, वनस्पति एवम् भौतिक वस्तु मा पर्ने प्रतिकुल प्रभावलाई कम गरी प्रत्येक नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित ग र्न र प्राकृतिक श्रोतको समुचित उपयोग र व्यस्थापन तथा मानव निर्मित संरचनालाई सकेसम्म पर्यावरणीयमैत्री कायम गरी -गराई वातावरण संरक्षण गर्न कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन , २०७४ दफा १०२ को उपदफा १ को अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नामः**(१) यस ऐनको नाम "सूर्योदय नगरपालिकाको वातावरण संरक्षण ऐन , २०७६" रहेको छ ।

(२) यो ऐन सूर्योदय नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) " वातावरण" भन्नाले प्राकृतिक , सांस्कृतिक, सामाजिक प्रणाली , आर्थिक र मानवीय क्रियाकलाप, तिनका अवयव तथा तिनीहरुको बीच हुने अन्तरक्रिया र अन्तरसम्बन्धलाई सम्झनु पर्दछ ।

ख) "संरक्षण" भन्नाले प्राकृतिक तथा मानव निर्मित सम्पदाको सुरक्षा, सम्भार, सम्बर्धन, सदुपयोग तथा व्यवस्थापन सम्झनु पर्दछ ।

ग) "प्रदूषण" भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वातावरणीय परिवर्तन गर्ने, ह्रास ल्याउने, क्षति पुर्याउने वा वातावरणको लाभदायी तथा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुर्याउने क्रियाकपाललाई सम्झनु पर्छ ।

घ) " परियोजना प्रस्ताव " भन्नाले विद्यमान वातावरणीय अवस्थामा सकारात्मक परिवर्तन ल्याउन सक्नेविकास कार्य, भौतिक क्रियाकलाप वा भू– उपयोगमा परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्न तयार गरिएको दस्तावेजलाई सम्झनु पर्छ ।

ङ) "प्रस्तावक" भन्नाले परियोजना प्रस्तावको स्वीकृतिका लागि निवेदन दिने वा परियोजना प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति , स्थानीय तह ,

प्रदेश र संघ, अर्ध सरकारी वा गैर सरकारी निकाय वासंस्थालाई सम्झनु पर्छ ।

च) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले कुनै परियोजना प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने वा नपार्ने , त्यस्तो प्रभावलाई हटाउने वा न्यूनीकरण गर्न सकिने वा नसकिने विषयमा य कीन गर्न तयार गरिने विश्लेषणात्मक अध्ययन तथा मूल्यांकन सम्बन्धी प्रतिवेदन सम्झनु पर्छ ।

छ) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले कुनै परियोजना प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने वा नपार्ने , त्यस्तो प्रभावलाई हटाउने वान्यूनीकरण गर्न सकिने वा नसकिने विषयमा यकीन गर्न तयार गरिने विश्लेषणात्मक अध्ययन तथा मूल्यांकन सम्बन्धी प्रतिवेदन सम्झनु पर्छ ।

ज) "फोहर मैला" भन्नाले वातावरणमा ह्रास आउने गरी उत्पादन भएका तरल , ठोस, ग्यास, धुवाँ, धुलो, लेदो तथा विकिरणयुक्त तत्व वा पदार्थ वा त्य स्तै प्रकारका अन्य वस्तु सम्झनु पर्छ ।

झ) " जैविक विविधता " भन्नाले पारिस्थितिकीय प्रणाली (इको सिस्टम ) को विविधता, प्रजातीय विविधता (स्पेसिस डाइभरसिटी) तथा वंशाणु विविधता (जेनेटिक डाइभरसिटी) सम्झनु पर्छ ।

ञ) " स्थानीय सम्पदा " भन्नाले सूर्योदय नगरपालिकाभित्र रहेका प्राकृतिक , सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यामिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट मानव जातिका लागि महत्वपूर्ण मानिने वातावरणसँग सम्बन्धित कुनै वस्तु, स्थल, वनस्पति, भू-बनोट तथा जीवजन्तु सम्झनु पर्छ ।

ट) "स्थानीय स्रोत" भन्नाले सूर्योदय नगरपालिकाभित्र रहेका सामुदायिक वन, चरन क्षेत्र, जलाधार क्षेत्र, खानी तथा पानीको मुहान , खोलानाला समेत सम्झनु पर्छ ।

ठ) "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

ड) "सभा" भन्नाले सूर्योदय नगरपालिकाको नगरसभालाई सम्झनु पर्छ ।

ढ) "तोकिए" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ण) "निष्काशन" भन्नाले ध्वनि, ताप वा फोहरैमला फाल्ने , थुपार्ने वा निष्काशन गर्ने कार्य सम्झनु पर्छ ।

**३. प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यङ्कन गर्नु पर्ने :** परियोजना प्रस्तावकले वातावरण मैत्री विकास आयोजना निर्माण गर्न तोकिए बमोजिमका क्षेत्रमा परियोजना प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

**४. परियोजना प्रस्ताव स्वीकृत गर्नु गराउनु पर्ने :** (१) यो ऐन प्रारम्भ भएपछि कसैले पनि नगरपालिकाबाट तोकिए बमोजिमको परियोजना प्रस्ताव स्वीकृत नगराई कुनै पनि आयोजना कार्यान्वयन गर्न, गराउन हुँदैन ।

(२) कुनै परियोजना प्रस्ताव कार्यान्वयन गर्न चाहने प्रस्तावकले सम्बन्धित परियोजना प्रस्तावको प्रारम्भिक वातावर णीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन संलग्न गरी त्यस्तो परियोजना प्रस्ताव स्वीकृतिको लागि नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**५. प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्ने:** (१) दफा ४(२) बमाजिम कुनै प्रस्ताव प्राप्त भएमा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अध्ययन गर्दा त्यस्तो परियोजना प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा प्रारम्भिक वातावरणीय परीक्षण गरिएको परियोजना प्रस्तावको हकमा सम्बन्धित निकायले स्वीकृति दिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रारम्भिक वातावरणीय परीक्षण गरिएको प्रतिवेदन अध्ययन गर्दा त्यस्तो परियोजना प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन गर्न आदेश दिन सक्नेछ । सम्बन्धित निकायले दिएको आदेश बमोजिम कुनै परियोजना प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कन गरी परियोजना प्रस्ताव स्वीकृतिको लागि पेश गरेमा सो प्रस्तावउपर आवश्यक अध्ययन गरी रायसहित सो परियोजना प्रस्ताव सभामा पठाउनु पर्नेछ ।

(३) उपदफा १ वा २ बमोजिम परियोजना प्रस्तावसाथ प्राप्त वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी प्रतिवेदनका सम्बन्धमा सर्वसाधारणले राय सुझाव दिन प्रतिवेदनको उतार गरी लैजान सक्नेछ तथा सो प्रतिवेदनमा राय सुझाव

दिनका लागि सम्बन्धित निकायले विशेषज्ञहरु संलग्न एक समिति गठन गर्न सक्नेछ ।

(४) उपदफा १ वा २ बमोजिम प्राप्त वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सर्वसाधरणले कुनै राय सुझाव दिएको भए सो र उपदफा ३ बमोजिम कुनै समिति गठन गरिएको भए सो समितिले दिएको राय सुझाव समेतको आधारमा त्यस्तो परियोजना प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा सम्बन्धित निकायले त्यस्तो परियोजना प्रस्ताव कार्यान्वयन गर्न प्रस्तावकलाई स्वीकृति दिनेछ ।

(५) उपदफा (१) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनबाट परियोजना प्रस्तावको कार्यान्वयन गर्दा वातावरणमा पर्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई कम वा नियन्त्रण गर्नु पर्ने वा गर्न सकिने देखिएमा नगर कार्यपालिकाले प्रस्तावकर्तालाई आवश्यक शर्त तोकी परियोजना प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ ।

(६) परियोजना प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न स्वीकृति दिनु पर्ने अवधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६. प्रदूषणको रोकथाम तथा नियन्त्रण**: (१) वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने गरी वा जनजीवन र जनस्वास्थ्यका लागि खतरा हुन सक्ने किसिमले प्रदूषण सृजना गर्न वा तोकिएको मापदण्ड विपरीत कुनै व्यक्ति , यान्त्रिक साधन , औद्योगिक प्रतिष्ठान वा अन्य स्थान वा माध्यमबाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण तथा फोहर मैला निष्काशन गर्न, गराउन पाईंदैन ।

(२) उपदफा (१) विपरीत कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा सम्बन्धित निकायले तत् सम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(३) हानिकारक पदार्थ, इन्धन, वा औजारको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा सम्बन्धित निकायले सूचना प्रकाशन गरी त्यस्तो पदार्थ , इन्धन वा औजारको प्रयोगमा तत्काल रोक लगाउन सक्नेछ ।

(४) जनस्वास्थ्य, प्रकृति तथा जीवजन्तुलाई प्रतिकूल असर पर्ने गरी हानिकारक विषादीको बिक्री, वितरण तथा प्रयोग गर्ने , गराउने कार्यमा नगरपालिकाले नियमन, नियन्त्रण वा असरको प्रभाव हेरी रोक लगाउन सक्नेछ ।

(५) प्रदूषणको रोकथाम वा नियन्त्र ण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **वातावरण संरक्षण क्षेत्र** : (१) स्थानीय सम्पदाको संरक्षण गर्ने प्रयोजनका लागि नगरपालिकाले सम्पदाको अभिलेख तयार गरी राख्नु पर्नेछ र सो अभिलेखमा राष्ट्रिय तथा विश्व सम्पदा सूचीमा परेका सम्पदा भए सो समेत समावेश गर्नु पर्नेछ ।

(२) वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक वा सौन्दर्यपरक , पानीको मुहान, दुर्लभ वन्यजन्तु, जैविक विविधता, जलाधार क्षेत्र, वनस्पति, ऐतिहासिक तथा सांस्कृतिक महत्वका स्थलहरु भए सूर्योदय नगरपालिकाभित्रको स्थानलाई राजपत्रमा सूच ना प्रकाशित गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कायम गरिएको वातावरण संरक्षण क्षेत्रसम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. **वातावरण संरक्षण कोषको स्थापना र सञ्चालन** : (१) वातावरणको संरक्षण, प्रदूषण रोकथाम वा नियन्त्रण र स्थानीय सम्पदाको संरक्षण गर्नका लागि वातावरण संरक्षण कोष नामको एउटा कोष स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :

(क) सूर्योदय नगरपालिकाबाट प्राप्त रकम ।

(ख) संघीय, प्रदेश सरकार वा अन्य श्रोतबाट प्राप्त रकम ।

(३) वातावरण संरक्षण कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(४) कोषको लेखापरीक्षण नियमानुसार हुनेछ ।

९. **नमूना संकलन गर्न दिनु पर्ने** उद्योग, कारखाना, यन्त्र, सवारी साधन, हस्पिटल, होटल आदिबाट सृजना वा निष्काशन हुने वा हुन सक्ने प्रदुषण, ध्वनि, फोहरमैला आदिको अध्ययन, परीक्षण, निरीक्षण वा विश्लेषण गर्न व्यक्ति , संस्था वा प्रस्तावकले आवश्यकता अनुसार नमूना संकलन गर्न दिनुपर्नेछ ।

१०. **समिति गठन गर्न सक्ने** : (१) नगरपालिकाले यो ऐनको उद्देश्य पूरा गर्नका लागि विषयगत विशेषज्ञहरु समेत रहेका विभिन्न समितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमाजिम गठित समितिहरुको काम, कर्तव्य र अधिकार सूर्योदय नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**११. क्षतिपूर्ति :** (१) यो ऐन वा ऐनअन्तगत बनेको नियम वा निर्देशिका विपरीत प्रदूषण गरेको कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानी नोक्सानी हुन गएमा प्रभावित व्यक्ति वा संस्थाले सो काम गर्ने व्यक्ति , संस्था वा प्रस्तावकसँग कुनै क्षतिपूर्ति भराउन चाहेमा सोही व्यहोराको निवेदन नगरपालिकाले तोकेको अधिकारी समक्ष दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा सम्बन्धित निकायले सो निवेदन र सो ठाउँको वस्तुस्थिति समेत अध्यय न गर्दा कुनै व्यक्ति , संस्था वा प्रस्तावकले प्रदूषण, ध्वनि, ताप वा फोहर मैला उत्सर्जन गरी कुनै व्यक्ति वा संस्थालाई प्रतिकूल प्रभाव पारी हानी नोक्सानी पर्न गएको प्रमाणित भएमा सम्बन्धित निकायले त्यस्तो प्रदूषण गर्ने पक्षबाट सम्बन्धित व्यक्ति वा संस्थालाई क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

**१२. दण्ड सजाय :** (१) दफा (४) बमोजिम कसैले प्रस्ताव स्वीकृत नगराई वा स्वीकृत प्रस्ताव विपरीत कुनै कार्य गरेमा सम्बन्धित निकायले त्यस्तो कार्य तुरुन्त बन्द गराउन सक्नेछ र त्यस्तो कार्य कुनै व्यक्ति वा संस्थाले गरेको भए निजलाई कसूरको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत अन्य कुनै कार्य गरेमा सम्बन्धित निकायले त्यस्तो कार्य तुरुन्त बन्द गराउन सक्नेछ र त्यस्तो कार्य कुनै व्यक्ति वा संस्थाले गरेको भए निजलाई कसूरको मात्रा हेरी पच्चिस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**१३. कार्यविधि बनाउनु पर्ने :** सम्बन्धित निकायले यस ऐन बमोजिम कुनै काम कारवाही गर्दा तोकिए बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

**१४.अधिकार प्रत्यायोजन** :सूर्योदय नगरपालिकाले आवश्यकता अनुसार केही अधिकार सूर्योदय नगरपालिकाको वातावरण तथा विप द् व्यवस्थापन समिति वा वातावरण शाखालाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१५. निर्देशिका बनाउन सक्ने** : सूर्योदय नगरपालिकाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ र त्यस्तो निर्देशिकाको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१६. नियम बनाउने अधिकार :** (१) सूर्योदय नगरपालिकाले यस ऐनको उद्देश्य पूर्तिको लागि आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको प्रतिकूल प्रभाव नपर्ने गरी देहायका विषयमा नियम बनाउन सक्नेछ :

(क) परियोजना प्रस्ताव सम्बन्धमा,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने सम्बन्धमा,

(ग) प्रदूषणको स्रोत, मापदण्ड, रोकथाम र नियन्त्रण सम्बन्धमा,

(घ) जैविक विविधता, "स्थानीय स्रोत" र स्थानीय सम्पदा सम्बन्धमा,

(ङ) वातावरण संरक्षण कोष सञ्चालन सम्बन्धमा ।

**१७. खारेजी र बचाऊ** : सूर्योदय नगरपालिकाको वातावरण संरक्षण ऐन , २०७६ मा भएका व्यवस्था नेपालको संविधान , संघीय कानुन र प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म बदर भागी हुनेछ ।

# सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन२०७६

**प्रस्तावनाः**

राष्ट्रिय विकासका लागि आवश्यक जनशक्ति तयार गर्न स्थानीय र राष्ट्रिय माग अनुसार शिक्षालाई वैज्ञानिक प्राविधिक , सीपमूलक रोजगारमूलक एवं जनमुखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्न नगरपालिका भित्र स्थापना हुने तथा स्थापना भई सन्चालन भईरहेका विद्यालयहरुको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले , "नेपालको संविधान–२०७२ को धारा २२६ ले दिएको अधिकार तथा "स्थानीय सरकार सञ्चालन ऐन –२०७४" को दफा १०२ (१) वमोजिम सूर्योदय नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यस ऐनको नाम "सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७६" रहने छ।

ख. यो ऐन सूर्योदय नगरपालिकामा लागू हुनेछ ।

ग. यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

क. "प्रारम्भिक बाल शिक्षा " भन्नाले चार बर्ष उमेर पुरा गरेका बालबालिकाहरुलाई दिइने एक बर्ष अवधिको शिक्षा सम्झनु पर्दछ ।

ख. "एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम भन्नाले गर्भावस्था देखि पाँच वर्ष उमेर सम्मलाई स र्वाङ्गिण विकास र अधिकार सुनिश्चितता गर्न थालिएको कार्यक्रम सम्झनु पर्छ।

ग. "नमूना विद्यालय" भन्नाले नेपाल सरकारको विद्यालय व्यवस्थापन निर्देशिका , २०७४ बमोजिम छनौट भइ तोकिए अनुसारको भौतिक तथा शैक्षिक पूर्वाधार पूरा भएको माध्यामिक विद्यालय सम्झनु पर्दछ।

घ. "नगर शिक्षा विकास कोष " भन्नाले सेवा शुल्क र विज्ञापनबाट प्राप्त रकम वुझिनेछ जुन रकम शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने कार्यमा उपयोग गरिने छ ।

ङ. "बाल शिक्षक" भन्नाले प्रारम्भिक बाल शिक्षाको कक्षा सञ्चालन गर्ने शिक्षक सम्झनुपर्छ ।

च. "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

छ. "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

ज. "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिकालाई सम्झनु पर्छ। यो शब्दले नगर कार्यपालिकालाई समेत जनाउनेछ।

झ. "नगर सभा" भन्नाले सूर्योदय नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

ञ. "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकाहरुलाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

ट. "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक तहको दुवै शिक्षा सम्झनु पर्छ ।

ठ. "प्राविधिक तथा ब्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षाको साथै नेपाल सरकारबाट मान्यता प्राप्त बिद्यालयमा सञ्चालित शिक्षालाई प्राबिधिक शिक्षा सम्झनु पर्छ।

ड. "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झिनुपर्दछः

१. दृष्टिविहीन, न्यून दृष्टियुक्त सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपांगता भएका बालबालिकाहरुलाई नियमित शैक्षिक पद्धतीको अधिनमा रही दिइने शिक्षा ।

२. सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षा ।

ढ. "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकारबाट नियमितरूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

ण. "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा स्थापना गरिएको नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झिनु पर्छ ।

त. "कर्मचारी" भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीहरु सम्झनु पर्छ ।

थ. "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

द. "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

ध. "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयकोरूपमा स्वीकृती प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

न. "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

प. "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायीरुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि. भी. ), परमानेन्ट रेजिडेन्ट भिसा (पी. आर. ) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायीरुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

फ. "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

ब. "आधारभूत शिक्षा उत्तिर्ण परीक्षा " भन्नाले आधारभूत (कक्षा ८) तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्दछ ।

भ. "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

म. "नगर शिक्षा अधिकारी " भन्नाले नगरपालिकाको शिक्षा , युवा तथा खेलकुद शाखाको शाखा प्रमुख सम्झनुपर्दछ ।

य. "स्थानीय पाठक्रम र पाठ्यपुस्तक " भन्नाले स्थानीय भाषा , संस्कृति, धर्म, कृषि, पशु, वनपैदावार, पर्यटन आदि परम्परागतरुपमा संचालन भै आएका विषयवस्तुहरुलाई समेटि बनाइएको पाठ्यक्रमलाई सम्झनु पर्छ।

**३. विद्यालय खोल्न अनुमति लिनु पर्नेः**

१. कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले नीजि शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई नगरपालिकाको नगर शिक्षा समिति समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी वडा शिक्षा समितिको सिफारिसमा नगर शिक्षा समितिको निर्णय अनुसार अनुमति दिइनेछ ।

३. उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त बन्देज पालना गरेको देखिएमा वडा शिक्षा समितिको सिफारिसमा नगर शिक्षा समितिको निर्णय अनुसार स्वीकृति प्रदान गरने छ ।

४. यो दफा प्रारम्भ हुँ दाका बखत कम्पनीकोरुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगर शिक्षा समिति समक्ष निवेदन दिन सक्नेछ ।

५. उपदफा (४) बमोजिम निवेदन परेमा नगर शिक्षा समितिले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न वडा शिक्षा समितिको सिफारिसमा पुनः अनुमति तथा स्वीकृति दिइनेछ ।

६. उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चा लन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैन ।

अ. सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

आ. सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय, र

इ. कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

७. यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

अ. शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

आ. शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनुपर्ने,

इ. शैक्षिक गुठीको आय व्यय सम्पत्ति लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

ई. शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेष पछि गुठीयारकोरूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

८. कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा नगर शिक्षा समितिबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

९. उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

तर माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसंग सम्झौता भएमा त्यस्ता विद्यालयहरुलाई पनि अनुमति दिन सक्ने छ । यसरी सञ्चालित विद्यालयहरुलाई नेपाल सरकारले जुनसुकै वेला बन्द गर्न सक्नेछ ।

**४. नमूना विद्यालय सम्बन्धि व्यवस्थाः** नमूना विद्यालय सम्बन्धि व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**५. परीक्षाको सञ्चालनः** विभिन्न तहको शिक्षा उत्तिर्ण तथा योग्यता परीक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**६. माध्यमिक शिक्षाको प्रकारः** माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन ।

क. साधारण माध्यमिक शिक्षा ।

ख. भाषिक माध्यमिक शिक्षा ।

ग. प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**७. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा, नैतिक शिक्षा, संस्कृत शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः**

क. नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा , समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा , नैतिक शिक्षा र संस्कृत शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ

**८. शिक्षाको माध्यमः**

१. विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषा हुनेछन ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः

क. आधारभूत शिक्षा मातृभाषामा दिन सकिनेछ,

ख. गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

ग. भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ,

घ. अनिवार्य अंग्रेजी विषय अध्यायन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

**९. विद्यालयको पाठ्यक्रम र पाठ्य्पुस्तकः** विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड नघट्ने गरी सिकाई उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको राष्ट्रिय पाठ्यक्रमको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ । सो प्रयोजनको लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण समिति गठन गर्न सक्नेछ ।

**१०. नगर शिक्षा समितिः**

१. नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख , समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ ।

क. नगरपालिकाको प्रमुख - अध्यक्ष

ख. नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग. नगर कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक - सदस्य

घ. नगर कार्यपालिकाले मनोनित गरेको नगर सभाका सदस्यहरु मध्येबाट एक जना - सदस्य

ङ. नगरभित्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

च. समाजसेवी वा शिक्षा प्रेमीहरुमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको कम्तीमा एकजना महिला पर्ने गरी दुई जना - सदस्य

छ. शिक्षण पेशामा उच्च योगदान पुर्याे एका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना प्र. अ. - सदस्य

ज. निजि तथा आवासीय विद्यालय अर्गनाइजेसन नगर कमिटि अध्यक्ष - सदस्य

झ. नगर शिक्षक महासंघको अध्यक्ष - सदस्य

ञ. नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा, शाखा प्रमुख-सदस्य – सचिव

२. समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यहरुको कार्यकाल ३ वर्षको हुनेछ ।

३. उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउनु वा वर्खास्त गर्नु अघि मनासीब माफिकको स्पष्टिकरणको मौकावाट वञ्चित गरिने छैन ।

४. नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

क. आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

ख. नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति दिने, स्वीकृति दिने, विद्यालय सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा र तह थपघट गर्ने सम्बन्धि कार्यहरु गर्ने ।

ग. विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

घ. आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र व्यवस्थित वनाउन सहयोग गर्ने ।

ङ. नगरपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

च. विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।

छ. विद्यालयको लागि आवश्यक साधन श्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

ज. विद्यालयका समस्याहरुमा आवश्यकता अनुसार मध्यस्थता गर्ने ।

झ. शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने,

ञ. विद्यालयको सामाजीक परीक्षण गर्ने गराउने ।

ट. सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने ।

ठ. विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

ड. शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ,

ढ. शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने, गराउने ।

ण. विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

त. माध्यमिक तहसम्मको प्राबिधिक शिक्षा संचालन तथा व्यवस्थापन गर्ने ।

थ. विद्यार्थी संख्या घट्न गई फाजिलमा परेका सामुदायिक शिक्षकहरुलाई समुदायद्धारा संचालित अर्को बिद्यालयमा समायोजन गर्ने ।

द. सामुदायिक विद्यालयको लागि बितरण गरिएका दरबन्दी शैक्षिक सत्रको शुरुमा मिलान गर्ने ।

ध. बिद्यालयमा प्रधानाध्यापक सम्वन्धी विवाद भई असामान्य अवस्था सृजना भएमा वडा शिक्षा समितिको सिफारिसमा प्र. अ. को अन्तिम टुङ्गगो लगाउने ।

प. अन्य तोकिए वमोजिमका कार्यहरु गर्ने ।

**११. नगर शिक्षा अधिकारीः**

क. नगरपालिकामा कार्यरत नगर शिक्षा अधिकारी नगर शिक्षा समिति को सदस्य सचिवको भूमिकामा रहनेछ।

ख. नगर शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छन ।

१. नगरपालिकामा शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

२. शिक्षा सम्बन्धि नगरस्तरीय योजना नगर सभा बाट पारित गराई कार्यान्वयन गर्ने गराउने।

३. शिक्षाको गुणस्तर बढाउनको लागि प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको बैठक, गोष्ठी तथा तालिमको व्यवस्था गर्ने ।

४. आधारभूत तह उत्तिर्ण परीक्षाको अन्त्यमा लिईने परीक्षा संचालन र ब्यबस्थापन गर्ने गराउने ।

५. विद्यालयको अन्तिम परीक्षाका अभिलेख, प्रश्नपत्र, उत्तरपुस्तिका झिकाई जाँच गर्ने गराउने।

६. विद्यालयमा शैक्षिक गुणस्तर बृद्धि भए नभएको सम्बन्धमा मूल्यांकन गरी अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका आवश्यक अन्य काम गर्ने गराउने ।

७. विद्यालय र शिशु विकास केन्द्रको निरीक्षण गर्ने गराउने ।

८. विद्यालयको नक्सांकन गर्ने गराउने ।

९. विद्यालयले स्वीकृत पाठयक्रम, पाठ्यपुस्तक लागु गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने गराउने।

१०. नगरको बार्षिक शैक्षिक तथ्यांक संकलन, विश्लेषण र प्रकाशन गर्ने ।

११. सामुदायिक विद्यालयका शिक्षकहरुको तलबी प्रतिबेदन पारित गराउने ।

१२. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने गराउने ।

१३. विद्यालयको बार्षिक शैक्षिक कार्यक्रमको नियमित अुनगमन र सुपरीवेक्षण गरी प्रतिवेदन पेश गर्ने।

१४. विद्यालयको विकासको लागि विद्यालय व्यवस्थापन समिति र स्थानीय शिक्षा प्रेमी संग सम्पर्क तथा आवश्यक सरसल्लाह र अन्तरक्रिया गर्ने ।

१५. शिक्षकहरुको कार्यक्षमता मूल्यांकन गरी त्यसको अभिलेख राख्ने राख्न लगाउने ।

१६. विद्यालयका शिक्षक तथा कर्मचारीहरुको बिदाको अभिलेख शैक्षिक सत्रको अन्त्यमा प्रमाणितगर्ने गराउने र विद्यालयमा राख्न लगाउने ।

१७. विद्यालय समायोजनको लागि आवश्यक विद्यालय समायोजन निर्देशिका बमोजिम नगरपालिकाबाट कार्यबिधि पास गरेमा आवश्यक व्यवस्था मिलाउने ।

१८. गाभिएका वा बन्द गरीएका विद्यालयको सम्पत्ती व्यवस्थापन गर्ने ।

१९. सामुदायिक विद्यालयलाई प्राप्त संपूर्ण बजेट व्यवस्थापनमा वित्तिय अनुशासन कायम राख्न अनुगमन तथा नियमन गर्ने गराउने ।

**१२. विद्यालय, सामुदायिक सिकाई केन्द्र र बालविकास केन्द्रहरुको अनुगमन सम्बन्धी व्यवस्थाः** सूर्योदय नगरपालिका भित्र रहेका विद्यालयहरु , सामुदायिक सिकाइ केन्द्रहरु र वालविकास केन्द्रहरुको अनुगमन तथा नियमन नगर शिक्षा समिति, नगर शिक्षा अधिकारी र सम्बन्धित शाखाको अधिकृतहरुको एकिकृत समूह वा एकल व्यक्तिबाट हुनेछ।

**१३. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** नेपाल सरकारले स्वीकृती प्रदान गरी सञ्चालन एवं ब्यबस्थापनमा रहेका , नेपाल सरकारबाट थप हुन आउने सामुदायिक सिकाइ केन्द हरुलाई नेपाल सरकारबाट प्राप्त अनुदान उनीहरुको कार्यसम्पादनका आधारमा उपलब्ध गराउंदै नगरपालिकाले समुदायमा साक्षरता , सीप विकास र निरन्तर सिकाई समेतको काम गर्न थप सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**१४. स्थायी अध्यापन अनुमतिपत्र लिनु पर्नेः**विद्यालयले सामुदायिक तथा नीजि श्रोतबाट करारमा शिक्षक नियुक्ति गर्दा नेपाल सरकारबाट स्थायी अध्यापन अनुमतिपत्र लिएका मात्र उम्मेदवार हुन योग्य मानिनेछन् ।

**१५. अनुदानको व्यवस्थाः**

१. यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

**१६. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः** नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**१७. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्नेः** नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन वा भौतिक संरचना निर्माण गर्न सक्नेछ ।

**१८. प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्थाः** प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१९. विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था**

विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ।

**२०. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः**

१. कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष निकाली वडा शिक्षा समिति वा शिक्षा अनुगमन समिति वा नगर शिक्षा समितिले सिफारिस गरेमा सोको कारण खुलाई नगर शिक्षा समितिले त्यस्तो वि द्यालय व्यवस्थापन समिति तोकिएको प्रकृया पुर्या ई विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

२. उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

**२१. विद्यालयको विनियमः**

१. यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम अभिभावक सभाबाट पारित गराई बिद्यालय ब्यबस्थापन समितिले निर्माण गरी लागू गर्नु पर्नेछ ।

२. अभिभावक सभाले दिएको जनादेश बमोजिम बिद्या लय ब्यबस्थापन समितिले आवश्यकता अनुसार विनियम संसोधन गर्न सक्नेछ ।

३. विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति , प्रधानाध्यापक लगायत अन्य सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४. अद्यावधिक विनियमको प्रतिलिपि पारित भएको मितिबाट ७ दिन भित्र व्यवस्थापन समितिले वडा शिक्षा समिति मार्फत नगर शिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

५. विद्यालयको विनियम सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न सक्नेछन ।

**२२. वडा शिक्षा समितिः**

१. वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ ।

क. वडा समितिको अध्यक्ष – अध्यक्ष

ख. वडा समितिका सदस्यहरु मध्ये वडा समितिको बैठकले तोकेको एक जना – सदस्य

ग. अगुवा विद्यालयको प्रधानाध्यापक एक जना – सदस्य

घ. विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट वडा शिक्षा समितिको बैठकले तोकेको एक जना अध्यक्ष – सदस्य

ङ. वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा शिक्षा समितिले तोकेको एक जना महिला सहित २ जना – सदस्य

च. संस्थागत विद्यालयका प्र.अ. मध्येवाट वडा शिक्षा समितिले तोकेको एक जना १ जना प्र.अ. – सदस्य

छ. नगरपालिकाको वडा समितिका सचिव सदस्य– सचिव

२. वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

**२३. नगर शिक्षा विकास कोषः**

१. सामुदायिक तथा संस्थागत विद्यालयको भौतिक पूर्वाधार विकास तथा शैक्षिक सुधारमा सहयोग पुर्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि नगरपालिकास्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ ।

२. उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः–

क. नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

ख. प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

ग. नगरपालिकाबाट प्राप्त अनुदान रकम,

घ. संस्थागत विद्यालयबाट प्राप्त हुने तोकिए बमोजिमको रकम,

ङ. चन्दाबाट प्राप्त रकम,

च. अन्य स्रोतबाट प्राप्त रकम ।

**२४. कोष सञ्चालक समितिः**

१. कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

२. उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२५. विद्यालय कोषः**

१. प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः–

क. नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

ख. नगरपालिका शिक्षा विकास कोषबाट प्राप्त अनुदान,

ग. शुल्क तथा सहयोगबाट प्राप्त रकम,

घ. चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

ङ. अन्य स्रोतबाट प्राप्त रकम ।

२. उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

**२६. नगरपालिकाले निर्देशन दिन सक्नेः**

१. नगरपालिकाले तोकिएको क्षेत्र सँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

२. उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२७. नगरपालिकाले विद्यालय सार्न/गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः**

नगरपालिकाले हाल सञ्चालन भइरहेका बढिमा ३० मिनेटको हिँडाईको दुरी, विद्यार्थी संख्या र भौतिक संरचना हेरी नजिकमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभि एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिंदा विद्यालय क्षेत्रको वातावरण, प्रदुषण जोखिम निर्धारण गरि निर्देशन गर्न गराउन सक्नेछ ।

**२८. विद्यालयको सम्पत्तिः**

१. सामुदायिक विद्यालयको हकभोगमा रहे को सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले नजिकको अन्य बिद्यालयलाई हस्तान्तरण गर्ने छ । अन्य बिद्यालयमा हस्तान्तरण हुन नसकी विद्यालयको काममा वा सामुदायिक प्रयोगमा नआउने भएमा वडा शिक्षा समितिको सिफारिसमा प्रचलित कानुन बमोजिम बेच –बिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगरपालिकाको शिक्षा विकास कोषमा जम्मा गरिनेछ ।

२. शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइनेछैन ।

३. कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

४. संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल , अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

५. नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

६. विद्यालयले प्रयोग गरेको सार्वजनिक , प्रति जग्गालाई विद्यालयको नाममा दर्ता गराउने प्रक्रिया नगरपालिकाबाट अगाडी बढाइने छ ।

**२९. विद्यालयलाई छुट र सुविधाः**

१. प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

२. उपदफा (१) मा लेखिए बाहेक अन्य विद्यालयको नाममा कु नै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

३. सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

**३०. अनुमति वा स्वीकृति रद्द गर्नेः**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा नगर शिक्षा समितिले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौका बाट बञ्चित गरिने छैन ।

**३१. विद्यालयको वर्गीकरणः** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**३२. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्नेः**

१. विद्यालयमा स्वतन्त्र र भयरहितरुपमा अध्ययन , अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ

२. उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछ ।

**३३. शुल्क सम्बन्धी व्यवस्थाः**

१. नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले शैक्षिक गुणस्तर अभिबृद्धिको लागि आफ्नो इच्छाले दिएको दान , उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

३. सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

४. उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

५. विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइ सकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाईने छैन ।

६. विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाईने छैन ।

७. संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिए को अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सेवा , सुविधा र व्यवस्थापनको आधारमा दिनेछ ।

८. कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा नगर शिक्षा अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न निर्दशन दिन सक्ने छ । यसरी निर्देशन प्राप्त हुन आएमा सम्बन्धित बिद्यार्थीलाई शुल्क फिर्ता गर्नु पर्नेछ ।

९. यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई नगर शिक्षा समितीले कसुरको मात्रा हेरी बढीमा पचास हजार रूपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

**३४. शिक्षक महासंघ,शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

१. सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न तोकिए बमोजिम एक शिक्षक महासंघ रहनेछ ।

२. देहायका अवस्थामा शिक्षक वा कर्मचा रीलाई विद्यालयको व्यवस्थापन समितिले नोकरीबाट हटाउन नगर शिक्षा समितिमा सिफारिस गर्नेछः–

क. तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

ख. विना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

ग. विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

घ. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

ङ. सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,

च. शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी सदस्य रहेको पाईएमा,

छ. शिक्षक वा कर्मचारीहरुले व्यवसायिक हकहितका नाममा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा बिद्यालय/कार्यालय समयमा संलग्न भएमा,

३. उपदफा (२) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने प्रयास प्रमाण प्राप्त भएमा नगरपालिकाले नीजलाई पदबाट हटाउन

सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिनेछ ।

स्पष्टिकरणः यस खण्डको प्रयोजनको लागि "कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान वमोजिम गठित केन्द्रीयस्तर , प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनु पर्छ ।

**३५. स्थायी आवासीय अनुमति लिन नहुनेः**सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ

**३६. शैक्षिक योग्यताः** विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

**३७. शिक्षक–विद्यार्थी अनुपात मिलाउनु पर्नेः** नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्नेछ ।

**३८. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः**

१. सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा बढिमा ३ महिना खटाउन सकिनेछ ।

**३९. अदालतको आदेशबाट पुनः बहाली हुन सक्नेः**

१. दफा ३५ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक /कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनःबहाली हुन सक्नेछ ।

२. उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटे देखि पुनःबहाली भएको मिति सम्मको पूरा तलब , भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

**४०. शिक्षकको नियुक्ति र सरुवाः**

१. सरुवा हुन आवेदन दिने कार्यर त शिक्षकलाई कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा भई जाने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी नगर शिक्षा अधिकारीले समन्वय गरी तोकिए बमोजिम रिक्त दरवन्दीमा सरुवा गर्न सक्नेछ ।

२. सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यर त शिक्षकलाई नगरपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी नगर शिक्षा अधिकारीले समन्वय गरी अर्को नगरपालिका वा गाँउपालिकामा सरुवाको लागि सहमति दिन वा सरुवा गर्न सक्नेछ ।

३. सरुवा हुन चाहाने शिक्षकले सरुवाको ला गि नगर कार्यपालिकाको कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

४. नगरपालिका भित्र रिक्त दरबन्दीको २५ प्रतिशत भित्र रही जिल्ला बाहिरको शिक्षकलाई आवश्यक प्रक्रिया गरी सरुवा गर्न सकिने छ ।

५. सरुवा सम्बन्धि कार्यविधि नगर शिक्षा समितिले निर्धारण गरे बमोजिम हुने छ ।

**४१. दरवन्दी मिलानः** तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको बिद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा नगर शिक्षा समितिले तोकिएको प्रकृया पूरा गरी दरबन्दी मिलान गर्न सक्ने छ ।

**४२. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्नेः**

१. संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिकरुपमा विपन्न , जेहेन्दार, अपाङ्गता भएकाहरु, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । यसरी छात्रवृत्ति प्राप्त गर्ने बिद्यार्थीलाई नगरपालिकाले उच्च शिक्षा अध्ययनका लागि अन्य छात्रवृत्ति प्राप्त गर्नका लागि पनि सिफारिस गर्न सक्ने छ ।

२. उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

३. समितिले छनौटको लागि आधार , शर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ ।

**४३. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः** दफा ३९ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा गणना समेत हुने छैन।

**४४. प्रधानाध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्थाः**

१. सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र नगरपालिकाले स्वीकृत गरे बमोजिमको सँख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

२. उपदफा(१) बमोजिमका प्रधानाध्यापक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

क. विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहने छ ।

ख. व्यवस्थापन समितिले सामुदायिक विद्यालयमा रिक्त प्रधानाध्यापक पदमा नियुक्तिको लागि आधारभूत (१–५) तहको प्र.अ. को हकमा शिक्षा शास्त्र बिषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह, आधारभूत (१–८) तहको हकमा कम्तीमा शिक्षा शास्त्र बिषयमा स्नातक तह वा सो सरह , माध्यामिक(९–१२) तहको विद्यालयको हकमा शिक्षा शास्त्र बिषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरु मध्ये बाट दरखास्त आह्वान गर्ने छ । तर शिक्षा शास्त्र बिषयमा स्नातक वा सो सरहको परीक्षा उत्तिर्ण गरी माध्यामिक तहमा दश बर्ष स्थायी सेवा गरेको शिक्षक माध्यमिक तहको प्र. अ. को पदमा उम्मेद्वार हुन पाउने छ । कक्षा १२ संचालित विद्यालयको हकमा शिक्षा शास्त्र संकायमा स्नातकोत्तर वा सो सरह उत्तिर्ण गरेको व्यक्ति मात्र प्र. अ. पदमा उमेदवार हुन पाउने छ।

ग. उपनियम (२) बमोजिम दरखास्त आह्वान भएमा सम्बन्धित शिक्षकले व्यवस्थापन समितिले तोकेको म्याद भित्र विद्यालय विकास प्रस्ताव सहित व्यवस्थापन समिति समक्ष दरखास्त दिन सक्ने छ ।

घ. उपनियम (३) बमोजिम प्राप्त विद्यालय विकास प्रस्ताव सहितको दरखास्त व्यवस्थापन समितिले शिक्षक छनोट समिति समक्ष पठाउने छ ।

ङ. उपनियम (४) बमोजिम विद्यालय विकास प्रस्ताव सहितको दरखास्त प्राप्त भएपछि शिक्षक छनोट समितिले प्र. अ. व्यवस्थापनका आधारमा मूल्यांकन गरी सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेद्वार प्र. अ. को पदमा नियुक्ति गर्न

वि. व्य. स. समक्ष सिफारिस गर्नु पर्नेछ । तर , ६० अंक पनि प्राप्त नगर्ने उम्मेद्वारलाई प्र. अ. को पदमा नियुक्तिको लागि सिफारिस गरिने छैन ।

च. यसरी नियुक्त भएको प्र . अ. को पदावधि ५ बर्षको हुनेछ र निज पुनः सो पदमा नियुक्त हुन सक्नेछ ।

छ. प्र. अ. ले आफूले गरेको कार्य दक्षता करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नरहेको वा निजको कारणले विद्यालयमा असामान्य अवस्था सृजना भएमा वडा शिक्षा समितिको सिफारिसमा नगर शिक्षा समितिले निजलाई प्र. अ. को पदबाट जुनसुकै बेला हटाउन सक्ने छ ।

ज. उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो उपनियम बमोजिम प्र. अ. लाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

३. सामुदायिक विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भै प्रधानाध्यापक उपस्थित नभए सम्म वा प्रधानाध्यापकको पदपूर्ति नभए सम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये तोकिएको योग्यता पुगेका बरिष्ठतम स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई कामकाज गर्ने छ । तर , कुनै विद्यालयमा १ भन्दा बढी तह भएमा माथिल्लो तहको बरिष्ठतम शिक्षकले निमित्त भई काम गर्ने छ ।

४. यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले प्रधानाध्यापक नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्ने छ ।

५. प्रधानाध्यापक नियुक्ति गर्दा जुन तहको विद्यालय हो सोही तहमा अध्यापन गराउन चाहिने न्यूनतम शैक्षिक योग्यता भएको शिक्षकलाई मात्र प्रधानाध्यापकको पदमा नियुक्ति गर्नु पर्ने छ ।

६. प्र. अ. सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

**४५. शिक्षक छनोट समितिः** शिक्षक छनौट समितिको व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४६. परीक्षा र नियन्त्रण सम्बन्धि व्यवस्थाः** परीक्षा र नियन्त्रण सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४७. आधारभूत तह (कक्षा ८) उत्तिर्ण परीक्षाको परीक्षा सञ्चालन,व्यबस्थापन तथा नियन्त्रण:** आधारभूत तह कक्षा ८ उत्तिर्ण परीक्षाको परीक्षा सन्चालन व्यवस्थापन तथा नियन्त्रण सम्बन्धी व्यावस्था कार्यविधिमा तोकीए बमोजम हुनेछ।

**४८. बालबालिकालाई निष्काशन गर्न,शारीरिक वा मानसिक दुव्र्यवहार गर्न नहुने:**

१. कुनै पनि बालबालिकालाई बिशेष परिस्थिति बाहेक विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

२. विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुव्र्यवहार गर्न पाइने छैन ।

**४९. शैक्षिक परामर्श सेवा,विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन:**

१. संविधान प्रदत्त वालवालिकाको हकलाई पूर्ण पालना गरिने छ ।

२. कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा , ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाईने छैन।

३. उपदफा (२) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षावा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५०. प्रगति विवरण बुझाउनु पर्ने:** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमको प्रगति विवरण नगर शिक्षा अधिकारी समक्ष बुझाउनु पर्नेछ ।

**५१. दण्ड सजाय:**

१. कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

२. कसैले देहायका कार्य गरेमा , गर्न लगाएमा वा सो कार्य गर्न सहयो ग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके वमोजिम सजाय हुनेछः–

क. प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

ख. उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवार पूर्ण कार्य गरेमा,

ग. परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

घ. परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

ङ. नक्कली परीक्षार्थीकारुपमा अरूको तर्फबाट परीक्षा दिएमा,

च. परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

छ. विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

ज. अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा।

झ. कानून विपरीतको अन्य कार्य गरेमा।

३. कानून बमोजिमको कसूरको सम्बन्धमा विद्या लयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएको अबस्थामा अदालतबाट आदेश भए बमोजिम त्यस्तो शिक्षक वा कर्मचारी निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई प्रचलित कानुन बमोजिम विभागीय सजायं गरिनेछ ।

**५२. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

**५३. साझेदारीमा विद्यालय संचालन गर्न सकिनेः**

१. नेपाल सरकारले सामुदायिक विद्यालय , संस्थागत विद्यालय र शैक्षिक गुठी अन्तर्गत संचालित विद्यालय तथा एक भन्दा बढी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत संचालित विद्यालयहरु विच साझेदारीमा विद्यालय संचालन गर्न सक्नेछ।

२. उपदफा १ बमोजिमका विद्यालय ब्यवस्थापन समितिको काम , कर्तब्य र अधिकार, साझेदारीका तरीका तथा अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५४. नियम बनाउने अधिकारः**

१. यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

२. यस ऐनको कार्यान्वयनको लागि नगर शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**५५. संक्रमणकालीन व्यवस्थाः**

१. यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म नगर कार्यपालिकाले गर्न सक्नेछ।

२. यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति नगरपालिकाले दिन सक्नेछ।

**५६. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा–अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिने छ।

**५७. बचाउ र लागू नहुनेः**

१. यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमावलीमा लेखिएका कुराहरु सोही बमोजिम र नलेखिएको कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

२. यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना –मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन , २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

३. संविधानसँग यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछन,

४. यस अघि कानून वमोजिम नियुक्त शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन। तर यो व्यवस्थाले कानून वमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन।

५. यस ऐनमा उल्लेख भएका प्राबधानहरु संघीय कानून तथा प्रदेश कानूनसंग नबाझिएको हद सम्म लागू हुनेछन ।